स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता

प.स.च.नं : ३८९/२०८२/८२ मिति : २०८२/०६/०९

श्रीमान अध्यक्षज्यू,
प्रोबेसन कार्यक्रममा सहभागी संस्थाहरु ।

**विषय : प्रोबेसन कार्यक्रमको अन्तिम परीक्षणमा स्व :मूल्यांकन विवरण पेश गर्ने सम्बन्धमा ।**

महोदय,

प्रस्तुत सम्बन्धमा संघको प्रोबेसन कार्यक्रममा विगत २ वर्षदेखि नियमित सुपरिवेक्षणमा रहेका संस्थाहरुबाट प्रोबेसन परीक्षण निर्देशिका एवम यसैपत्रसाथ संलग्न अनिवार्य सूचकमा योग्यता हासिल गरेका संस्थाहरुले तपशिल बमोजिमको विवरणहरु msdnefscun@gmail.com मा २०८२ कार्तिक १५ गतेभित्रमा पेश गर्नुहुन अनुरोध छ ।

तपशिल :

क) २०८१/०८२ को बाह्य लेखा परिक्षण प्रतिवेदन,
ख) २०८१/०८२ बमोजिमको बाह्य लेखा परिक्षण प्रतिवेदनको आधारमा वित्तीय विवरण सहितको एक्सेल स्व:मूल्याकंन प्रतिवेदनको प्रमाणित प्रतिको स्क्यान कपी र एक्सेल कपी
ग) २०८२ असार मसान्तको भाखा नाघेको ऋणको प्रतिवेदन,
घ) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन प्रमुख एवम् निजको एकाघरमा रहेको ऋणको प्रतिवेदनको एक्सेल कपी,
ङ) यसै पत्रसाथ संलग्न नियामकीय अनुपालना कायम गरेको एवम् स्वार्थ बाझिने क्षेत्रमा संलग्न नरहेको स्व:घोषणा विवरण ।

शिवजी सापकोटा
प्रमुख कार्यकारी अधिकृत

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१,
४७९३०७१, ४७९४५६९, इमेल : nefscun329@gmail.com
www.nefscun.org.np

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता

मिति : २०८२/०६/०९

आ व २०८२/०८३ मा सम्पन्न हुने प्रोबेसन अन्तिम परीक्षणमा सहभागी हुन अनिवार्य योग्यताहरु देहायबमोजिम रहेका छन :

क) भाखा नाघेको ऋणमा १ दिन देखि ९० दिनसम्मकोलाई समावेश गरि गणना गर्नुपर्नेछ। निष्क्रिय ऋण अधिकतम ५ प्रतिशतभन्दा बढी र १ देखि ९० दिनसम्म भाखा नाघेको ऋणको अधिकतम प्रतिशत ५ भन्दा बढी हुन सक्नेछैन। यसप्रकार भाखा नाघेको ऋण १० प्रतिशतभन्दा बढी हुननहुने।

ख) गैह्रबैंकिङ सम्पतिमा पूर्ण रुपमा सुरक्षण कायम भएको हुनुपर्नेछ।

ग) राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा २०८२ असार २३ गते जारी नियामकीय सहुलियतहरुमध्ये पुनर्तालिकीकरण गरिएको ऋणहरु समेत जोडी भाखा नाघेको ऋण कुल १० प्रतिशतभन्दा बढी हुन नहुने।

घ) राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा जारी मापदण्ड बमोजिमको वर्गिकरणमा ऋणको वर्गिकरण गरि आवश्यक सुरक्षण पर्याप्त रहेको हुनुपर्नेछ।

ङ) पूँजी पर्याप्तता राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा २०८२ जेठ ९ गते जारी भएको मापदण्ड बमोजिम न्यूनतम प्रतिशत पुरा भएको हुनुपर्नेछ। सीमाभन्दा बढीको घरजग्गा भएमा प्राथमिक पूँजी कोषमा घटाइ गणना गरिनेछ।

च) शुद्ध संस्थागत पूँजी ५ प्रतिशत वा सो भन्दा बढी भएको हुनुपर्नेछ।

छ) प्राधिकरणको मापदण्ड जारी हुनुभन्दा अघिनै बाह्य ऋण लिइएको भए बढीमा १० प्रतिशत र त्यसपश्चात ऋण लिएको भए प्राधिकरणले तोकेको मापदण्ड भन्दा बढी नभएको हुनुपर्नेछ। बाह्य ऋण भाखा ननाघेको।

ज) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन प्रमुख आफ्नो र आफ्नो एकाघर परिवारले लिएको ऋण भाखा ननघाएको हुनुपर्नेछ।

झ) सञ्चालक समिति एवम लेखा सुपरिवेक्षण समितिको कुनै पनि पद १ वर्षभन्दा बढी रिक्त नरहेको हुनुपर्नेछ।

ञ) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले नियामकीय उल्लङ्घन नगरेको एवम् स्वार्थ बाझिन सक्ने निर्णयमा सहभागी नभएको स्व:घोषणा गरि पठाउनुपर्नेछ।

ट) साधारण सभापूर्व नै लाभाशं वितरण नगरेको, वा अन्य कोषहरु समावेश गरि लाभाशं वितरण नगरेको।

ठ) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन प्रमुखले अनिवार्य रुपमा सम्पत्ति विवरण संस्थामा पेश गरेको हुनुपर्नेछ।

ड) २०८२ कार्तिक १५ गतेभित्रमा संघको सदस्यता नविकरण गरिसकिएको हुनुपर्नेछ।

ढ) संघबाट हुने प्रोबेसन अन्तिम परीक्षण सम्पन्न हुने अवधिसम्म आ व २०८१/०८२ को करचुक्ता प्रमाणपत्र प्राप्त भइसकेको हुनुपर्नेछ।

प्रोबेसन अन्तिम परीक्षणका शुल्क भ्याट सहित रु २००००/ अक्षरुपी बीस हजार रहेको छ। यो रकम सुपरिवेक्षकीय मूल्याकंनबाट अन्तिम परीक्षणका लागि सिफारिश भइसकेपछि मात्र जम्मा गर्नुपर्नेछ।

आवद्धता

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

मिति : २०८२/०६/०९

प्रोबेसन अन्तिम परीक्षणमा सहभागी हुन चाहने संस्थाहरुले सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन प्रमुखको स्वार्थ बाझिन सक्ने क्षेत्रहरुमा असंलग्न रहेको स्व:घोषणामा समावेश गर्नुपर्ने विषयहरु :

क) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन प्रमुख एकाघरको नरहेको ।

ख) संस्थामा सेवा प्रवाह गर्ने तेश्रो पक्षहरु जस्तै आन्तरिक एवम बाह्य लेखापरिक्षक, कानुनी परामर्शदाता, धितो मूल्यांकनकर्ता आदि कोही पनि संस्था सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन प्रमुख र निजको एकाघरको नरहेको ।

ग) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति , व्यवस्थापन प्रमुख हालको अवस्थामा कोही पनि कालो सूचीमा नपरेको ।

घ) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन प्रमुख सम्पत्ति शुद्धिकरणको कुनै मुद्धा मामिलामा नपरेको ।

ङ) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन प्रमुख र निजको एकाघरमा रहेको ऋण भाखा ननाघेको ।

च) सहकारी नियमावली २०७५ को दफा ८१ बमोजिम सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति कोही पनि नेपाल सरकारको वहालवाला राष्ट्रसेवक, कर्मचारी नरहेको, प्रत्यक्ष नियमन भूमिका भएको निर्वाचित/मनोनित पदहरु (जस्तै वडा अध्यक्ष, उपमेयर, मेयर, राज्य मन्त्री, मन्त्री एवम उच्च पदस्थ व्यक्तिहरु )

छ) संस्थाको गैहबैकिङ सम्पत्ति लिलामी वा संस्थाको कुनै पनि सम्पत्तिको लिलामी बोलकबोलमा हामी सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारीहरु स्वयम, एकाघर परिवार र नजिकका नातेदाहरु स्वयंले भाग लिएका छैनौं ।

प्रोबेसन स्व:मूल्यांकन सहित सञ्चालक समितिको बैठकमा माथि उल्लेख भएका विषयहरु समावेश गरि सो को स्व:घोषणा गरि सो निर्णयको स्क्यान कपी संलग्न गरि पेश गर्नुपर्नेछ ।